Alliance for Independent Madhesh (AIM)
स्वतन्त्र मधेश गठबन्धन
Janakpur, Madhesh
Website: http://madhesh.com Email: aim@madhesh.net, aim.madhesh@gmail.com



Ref. No.:

**काठमाडौंमा प्रदर्शनको क्रममा स्वतंत्र मधेश गठबन्धनका ७ जना गिरफ्तार**

२०७२ असार १० गते बिहीबार, काठमाडौं। बिहीबार १:०० बजे तिर काठमाडौंको सुन्धारा नजिकैबाट दाता सम्मेलनको मौका पारी मधेश बारेमा ध्यानाकर्षण गर्न प्रदर्शन गर्ने तैयारीको क्रममा स्वतन्त्र मधेश गठबन्धनका कम्तीमा ७ जना कार्यकर्ताहरू नेपाल प्रहरीले पक्राऊ गरेको छ। पक्राऊ पर्नेहरूमा संजय यादव, अरबिंद चौधरी, जासर यादव र राजन समेत रहेका छन्। स्मरण रहोस् बुधबार रातिदेखि नै नेपाल प्रहरीले काठमाडौंका विभिन्न स्थानमा रहेका मधेशीहरुमाथि धरपकड सुरु गरेको हो। हुलाकी न्यूजका अनुसार बिहिबार विहान ५ बजेसम्ममा काठमाडौंका विभिन्न स्थानबाट ७४ जना गिरफ्तार भइसकेको सुरक्षा संयन्त्रले जनाएको छ ।

हिजो बुधबार मात्रै स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सी. के. राउत कार्यकर्ताहरुसंग भेटघाट कार्यक्रम गर्न लागेको बेलामा उहांसंगै कृष्ण यादव, बालेश्वर यादव, बिजय यादव, देवकान्त सिंह, प्रताप यादव, केदारनाथ यादवलाई लहानबाट ४ बजे बेलुकी नेपाल प्रहरीले पक्राऊ गरेको थियो। बैठकमा भुकम्प पछिको अन्तर्राष्ट्रिय अनुदानले मधेशमा प्रोत्साहित हुन सक्ने सामुहिक बसाई-सराई, वन-विनाश र मानवअधिकार हनन बारे छलफल गर्न लागिएको थियो।

विशेष अदालतले राजविप्लवको मुद्दामा वैशाख १० गते सफाई दिए पनि नेपाल सरकारले डा. राउतलाई बारम्बार पक्राऊ गर्दै आएको छ र घरबाट कतै जान नदिई नजरबंद कै स्थितिमा राख्दै आएको छ। यस अघि डा. राउत जेठ १२ गते मात्र घर बाहिर निस्कने प्रयास गरेका थिए, र सो दिन पनि सुन्सरी इटहरीको एरिना टेलिविजनमा अन्तर्वार्ता दिन लाग्दा स्टूडियोबाटै नेपाल प्रहरीले गिरफ्तार गरेका थिए। डा. राउतलाई यस अघि (२०७१ चैत १९ गते) अस्पताल जान लाग्दा वा कुनै मृतकको दाहसंस्कार समारोहमा समेत जान लाग्दा प्रहरीले गिरफ्तार गर्दै वा रोक्दै आएको छ। गत वर्ष पुस १९ गते विराटनगरमा प्रहरीको दमनमा परेर डा. राउतको खुट्टा समेत भाँचिएको थियो, चैत २१ गते झापाको राजगढमा प्रहरीको आक्रमणले डा. राउत सख्त घाइते भएका थिए।

नेपाल प्रहरीको दमनमा विगतका केही महिनामा सैकडौं कार्यकर्ताहरू घाइते हुनुका साथै एक दर्जन भन्दा बढी समर्थकहरूमाथि नेपाल प्रहरीले झुठा सार्वजनिक मुद्दा दर्ता गरी यातना दिने काम गर्दै आएको छ। त्यसैगरि डा. राउतका समर्थकहरूलाई नेपाल प्रहरी, प्रमुख जिल्ला अधिकारी आदिले बारम्बार बोलाएर अनेकौं तरीकाबाट डर, त्रास र धम्की देखाउँदै यातना दिने काम भइरहेको छ। डा. राउतलाई समेत दर्जनौं ज्यान मार्ने धम्की आउँदा, र त्यो पनि नेपाल सरकार मैं दर्ता भएका संस्थाहरूले आधिकारिक प्रेस-विज्ञप्ति नै जारी गरी ज्यान मार्ने धम्की दिँदा समेत नेपाल सरकारले उनीहरू विरुद्ध कुनै छानबीन समेत नगर्नु आफैंमा सरकारको सुनियोजित षड्यन्त्र रहेको आभास हुँदै आएको छ। यस अघि पनि जेठ १२ गते नेपाल प्रहरी कै संरक्षणमा इटहरीमा मधेशी-पहाडी दंगाको मंचन गरी डा. राउतमाथि सांघातिक हमला तथा ज्यान लिने प्रयास भएको थियो, जुन घटनाको छानबीन समेत नेपाल सरकारले गरेन।

नेपाल सरकार र प्रहरीद्वारा यसरी मधेशीहरुको मानवअधिकारको चरम हनन भइराख्दा पनि नेपाली मीडिया, मानवअधिकारकर्मीहरू र नागरिक समाज मौन बस्नु आफैंमा बिडम्बनापूर्ण रहेको छ। स्वतन्त्र मधेश गठबन्धन विभेदरहित भई सम्पूर्ण जनताको मानवअधिकारको संरक्षण गर्न समस्त पत्रकार, मानवअधिकारकर्मी र नागरिक समाजलाई अपील समेत गर्दछ।

###

Mr. Kailash Mahato
Sub-Coordinator, Alliance for Independent Madhesh (AIM)
Phone: +977-9847038322, Email: freemadhesh@gmail.com, URL: http://madhesh.com

**Other References:**

1. **VIDEO of the June 24th Arrest available at:** youtu.be/Wop2JVPLuBQ
2. **Related News:**
    - **http://myrepublica.com/feature-article/item/23438-police-round-up-35-protesters-from-capital.html**
    - **http://hulakinews.com/fullnews.aspx?cat=madhesi&id=8807#sthash.8t28JsXq.2pNXvKvN.dpbs**

**Further Resources:**

A timeline and overview of the events -- arrests, protests and police suppression of Dr. Raut (2014-2015):

http://madhesh.com/files/2015/01/Dr_Raut_arrests_2014-15_v31r.pptx
http://madhesh.com/files/2015/01/Timeline-DrRaut-arrest-and-protests-2014-15-bi.doc

**Links (International Appeals related to Dr. C. K. Raut / AIM):**

1. Asian Human Rights Commission (AHRC) Appeal

http://www.humanrights.asia/news/urgent-appeals/AHRC-UAC-132-2014
http://www.humanrights.asia/news/ahrc-news/AHRC-STM-201-2014

2. Amnesty International (AI) Appeal

http://www.amnesty.org/en/library/asset/ASA31/007/2014/en/ca57a8ce-5ecd-45e7-9d9e-b75123a0337e/asa310072014en.html

http://www.amnesty.org/en/library/asset/ASA31/008/2014/en/f5cc4086-ec38-4a7a-ab62-a2f42e83bddc/asa310082014en.html

3. Bar Human Rights Committee of England and Wales (BHRC) Appeal

http://www.barhumanrights.org.uk/bhrc-sends-open-letter-prime-minister-nepal-response-arrest-and-prosecution-madhesi-activist-chandra

4. Human Rights Watch (HRW) Appeal

http://www.hrw.org/news/2014/10/14/nepal-drop-sedition-charges-against-madhesi-activist